
# डुङ्गेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## डाँडापराजुल, दैलेख




## डुङ्गेश्वर गाउँपालिकाको भू-उपयोग वर्गीकरण योजना २०८१, डाँडापराजुल, दैलेख

# विषय सुची

परिच्छेद १ः पृष्ठभूमि ........ ५

१.१ भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको महत्त्व ........ ५

१.२ भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको उद्धेश्य ........ ६

१. ३ भू-उपयोग ऐन २०७६ ........ ६

१.४ भू-उपयोग अद्यावधिकको महत्त्व ........ ११

परिच्छेद २ः परिचय ........ १२

२.१ परिचय ........ १२

२.२ भौगोलिक अवस्थिती ........ १२

२.२.१ अवस्थिति ........ १३

२. ३ जातजाती ........ १३

२.४ वन र जैविक विविधता ........ १४

२.५ वातावरण ........ १४

२.६ जनसङ्ख्या वितरण र घनत्व ........ १५

२.७ साक्षरता स्थिति ........ १७

परिच्छेद ३ः वर्तमान भूउपयोग अवस्था ........ १९

३. १ आर्थिक स्थिति ........ २०

३. १. १ कृषि अवस्था ........ २०

३. १. २ फसल जानकारी ........ २१

३. १. ३ वन क्षेत्र कभरेज ........ २१

३. १. ४ आवासीय क्षेत्र ........ २१

३.१.५ व्यापारिक ........ २२

३. १. ६ सार्वजनिक सेवा क्षेत्र ........ २२

३.१.७ नदी र ताल क्षेत्र.................................................................... २२
३.१.८ अन्य .................................................................... २३
३.१.९ कृषि क्षेत्र.................................................................... २३
३.२ पूर्वाधार र सेवाहरू.................................................................... २३
३.२.१ सडक .................................................................... २३
३.२.२ स्वास्थ्य.................................................................... २३
३.२.३ पिउने पानी .................................................................... २४
३.२.४ बिजुली र उर्जा.................................................................... २५
३.२.५ सञ्चार .................................................................... २६
३.३ सम्पदा, संस्कृति र पर्यटन.................................................................... २६
३.३.१ सम्पदा.................................................................... २६
३.३.२ संस्कृति.................................................................... २६
३.३.३ पर्यटन.................................................................... २६
परिच्छेद ४ : कार्यविधि.................................................................... २८
४.१ सन्दर्भ सामाग्रीको अध्ययन.................................................................... २८
४.२ प्रारम्भिक कार्यशाला.................................................................... २८
४.३ वडागत कार्यशाला तथा तथ्याङ्क सङ्कलन.................................................................... २८
४.४ सङ्कलित तथ्याङ्कको विश्लेषण तथा भू-उपयोग वर्गीकरण.................................................................... २९
४.५ प्रतिवेदनको अन्तिम प्रस्तुति .................................................................... २९
परिच्छेद ५ : अद्यावधिक पश्चात भू-उपयोग क्षेत्र वर्गीकरण.................................................................... ३०
परिच्छेद ६ : निष्कर्ष.................................................................... ३४
अनुसूची : २.................................................................... ४५
अनुसूची : ४.................................................................... ५३
(माईन्युट्स).................................................................... ५३

## तालिकाहरु

तालिका नं. १ : जातजातिका आधारमा जनसङ्ख्या विवरण (प्रतिशत) ............................................ १३
तालिका नं. २ : डुङ्गेश्वर गाउँपालिकाको घरधुरी,जनसङ्ख्या,औषत परिवार सङ्ख्या तथा जनघनत्व वितरण ...... १५
तालिका नं. ३ : उमेर अनुसार जनसङ्ख्या विवरण.................................................................... १६
तालिका नं. ४ : साक्षरता विवरण सम्बन्धी विवरण ................................................................... १७
तालिका नं. ५ : वर्तमान भूउपयोगको प्रकार, त्यसले ओगटेको क्षेत्रफल (वर्ग कि.मि) र प्रतिशत ................ १९
तालिका नं. ६ : आवासीय क्षेत्र सम्बन्धी विवरण..................................................................... २२
तालिका नं. ७ : वाणिज्य क्षेत्र सम्बन्धी विवरण ...................................................................... २२
तालिका नं. ८ : सार्वजनिक प्रयोग क्षेत्र सम्बन्धी विवरण .......................................................... २२
तालिका नं. ९ : नदी र ताल र मार्स क्षेत्र सम्बन्धी विवरण........................................................ २२
तालिका नं. १० : औद्योगिक क्षेत्र सम्बन्धी विवरण................................................................... २३
तालिका नं. ११ : कृषि क्षेत्र सम्बन्धी विवरण......................................................................... २३
तालिका नं. १२ : वडा अनुसार स्वास्थ्य संस्थाको जानकारी......................................................... २४
तालिका नं. १३: पिउने पानीको मुख्य स्रोतको विवरण............................................................... २५
तालिका नं. १४ : बत्ती बाल्ने इन्धनको प्रयोगका आधारमा घरधुरी विवरण....................................... २५
तालिका नं. १५ : सांस्कृतिक, पर्यटकीय सम्पदाहरू ................................................................... २६
तालिका नं. १६ : अद्यावधिक भू-उपयोग वर्गीकरणको अवस्था, क्षेत्रफल (वर्ग कि.मि) र प्रतिशत................ ३०
तालिका नं. १७ : वर्तमान भू-उपयोग र सम्भावित भू-उपयोग वर्गीकरण सम्बन्धी विवरण ....................... ३२
तालिका नं. १८ : भू-उपयोग क्षेत्र वर्गीकरण पश्चात भूउपयोग क्षेत्र वर्ग कि.मि वडागत विवरण ................. ३३

## चित्रहरु

चित्र १. जात/जाति सम्बन्धी विवरण
चित्र २. जनसङ्ख्या विवरण
चित्र ३. साक्षरता सम्बन्धी विवरण

चित्र ४. नापी विभागबाट प्राप्त भूउपयोग क्षेत्रको विवरण
चित्र ५. अद्यावधिक भू-उपयोग क्षेत्रको विवरण
चित्र ६. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा १
चित्र ७. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा २
चित्र ८. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा ३
चित्र ९. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा ४
चित्र १०. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा ५
चित्र ११. अद्यावधिक भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा वडा ६

# परिच्छेद १ः पृष्ठभूमि

भूमिको गुण क्षमता र वनावटको आधारमा त्यसका समूचित उपयोगका लागि नेपाल सरकारले विगत लामो समयदेखि भूउपयोग सम्बन्धी नीति नियम तथा कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । यस्ता समग्र भूउपयोग कार्यक्रमको मुख्य उद्देश्य भनेको जमिनको भौगोलिक स्वरुप, बनौट, गुण, र क्षमताका आधारमा जमिनलाई वर्गीकरण गरी सो अनुरुप भूउपयोग नक्सा तथा तथ्याङ्क तयार गर्ने हो । नेपालको संविधान २०७२ ले "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व" अन्तर्गत धारा ५१ ङ (३) मा किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन, तथा उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगीकरण, विविधीकरण, र आधुनिकीकरण गर्ने" भन्ने कुरा लाई निर्दिष्ट गरेको छ । त्यसैगरी धारा ५१ ङ (४) मा भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा भू-उपयोग नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने भन्ने उल्लेख गरिएको छ । त्यसगरी संविधानको धारा ५७ को उपधारा (१) र धारा १०९ मा भूउपयोग नीति, वस्ती विकास नीति, पर्यटन नीति, र वातवरण अनुकूल नीति लाई संघको अधिकार क्षेत्रभित्र राखिएको छ ।

भूमि सम्बन्धी ऐन २०२१ को दफा ५१ ङ बमोजिम भू-उपयोग कार्यक्रम संचालन गर्ने सम्बन्धमा जग्गाको वर्गीकरण गर्दा माटोको प्रकृति, उर्वराशक्ति, भौगोलिक स्थिति, वातावरण तथा जलवायु समेतको आधारमा गरिनेछ भन्ने कुरा उल्लेख गरिएको छ । यसरी भू भू-उपयोग कार्यक्रम सञ्चालन गर्दा दफा ५१ (च) बमोजिम गठित भूउपयोग परिषदबाट निर्धारित नीतिको अधिनमा रही तोकिए बमोजिम सञ्चालन गर्नु पर्नेछ भन्ने प्रावधान गरिएको छ । हाल कार्यान्वयनमा रहेको भूउपयोग ऐन २०७६ को दफा ५ (२) मा मन्त्रालयले प्रत्येक स्थानिय तहको भू-उपयोग नक्सा तयार गर्नु, गराउनु पर्ने र स्थानिय तहमा हस्तान्तरण गर्नुपर्ने भन्ने कुरा उल्लेख गरिएको छ । यस ऐनको दफा ५ (३) मा त्यसरी तयार गरिएको भू-उपयोग नक्सा लाई स्थानिय भूउपयोग परिषदले आवश्यकता अनुसार अद्यावधिक गरी लागु गर्नु पर्नेछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी, दफा ५ (४) मा स्थानिय तहको आवश्यकता अनुसार भूउपयोग क्षेत्र नक्सा अद्यावधिक गर्न विभागले आवश्यक सहयोग गर्ने भन्न कुरा उल्लेख गरिएको छ ।

### १.१ भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको महत्त्व

बढ्दो जनसङ्ख्या र अव्यवस्थित सहरीकरणले गर्दा खेतीयोग्य जमिनको खण्डीकरण अत्याधिक रूपमा बढ्दै गइरहेको छ । यस किसिमको खेतीयोग्य जग्गाको खण्डीकरण शहरी क्षेत्रमा बढ्दो रूपमा देखिन्छ । दिगो विकास अहिलेको आवश्यकता भएकोले खेतीयोग्य जग्गाको संरक्षण गरी उत्पादन बढाउनु आजको आवश्यकता हो । अर्को शब्दमा भन्नुपर्दा खाद्य सुरक्षा अहिलेको प्रमुख आवश्यकता हो । यस आवश्यकतालाई सम्बोधन गर्ने पहिलो खुडिकला भनेको खेतीयोग्य जमिनको संरक्षण गर्नु हो । खेतीयोग्य

जमिनलाई थप खण्डीकरण हुन बाट जोगाउन कम्तीमा कृषि क्षेत्रको पहिचान गरी त्यसलाई थप खण्डीकरण हुन बाट बचाउनु पर्दछ। त्यस अनुरूप यस अद्यावधिक कार्यक्रम अगाडी बढाइएको छ ।

यस सन्दर्भमा भू-उपयोग ऐन २०७६ ले समग्र जमिनको प्रयोग लाई १० क्षेत्रमा वर्गीकरण गर्नु भनेर निर्दिष्ट गरेको छ । त्यस अनुरूप नापी विभागले देशभरिको सम्पूर्ण नगरपालिका तथा गाउँपालिकाहरूको भू-उपयोग नक्सा तयार गरी स्थानीय तहहरू लाई हस्तान्तरण गरिसकेको अवस्था छ । यसरी तयार पारेको भू-उपयोग नक्सालाई तत्काल लागू गर्ने भनेर भू-उपयोग नियमावली २०७९ ले स्थानीय तहलाई निर्दिष्ट गरेको छ । यदि नापी विभागले प्रदान गरेको भू-उपयोग नक्सामा परिवर्तित भू-उपयोग र स्थानीय आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा स्थानीय तहले अद्यावधिक गर्न पाउने भन्ने कुरा भू-उपयोग नियमावली २०७९ मा उल्लेख छ ।

नापी विभागद्वारा तयार गरिएका भू-उपयोग नक्सा करिब ३/४ वर्ष अगाडी तयार गरिएको र यस अवधिमा डुङ्गेश्वर गाउँपालिकाको भू-उपयोग मा धेरै परिवर्तन आइसकेकोले यस "भू-उपयोग नक्सा अद्यावधिक परियोजना" को आवश्यकता महसुस गरी यस कार्यक्रमलाई अगाडी बढाएको छ । समयपरक नक्सा तयार गरी भूमिको समुचित प्रयोग गर्न यस भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको महत्त्व धेरै रहेको छ ।

### १.२ भू-उपयोग वर्गीकरण योजना अद्यावधिक कार्यक्रमको उद्धेश्य

यस भू-उपयोग योजना अद्यावधिक कार्यक्रमको उद्देश्य यस प्रकार रहेको छ ।

१.भू-उपयोग वर्गीकरण सम्बन्धमा स्थानीय बासिन्दासँग सल्लाह सुझाव लिनु ।

२.कानुनी प्रावधान र स्थानीय आवश्यकता अनुसार भूउपयोग क्षेत्र अद्यावधिक गर्नु ।

३.अद्यावधिक गरिएको भू-उपयोग नक्सा लाई कित्ता नक्सा सँग एकीकृत गर्नु ।

### १. ३ भू-उपयोग ऐन २०७६

भू-उपयोग ऐन २०७६ ले नेपालको भू बनौट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा भूमिलाई देहाय बमोजिम दश क्षेत्रमा वर्गीकरण गर्ने भनी उल्लेख गरिएको छ ।

- कृषि क्षेत्र
- आवासीय क्षेत्र
- व्यवसायिक क्षेत्र
- औद्योगिक क्षेत्र
- खानी तथा खनिज क्षेत्र
- वन क्षेत्र
- नदी, खोला, ताल तथा सिमसार क्षेत्र

- सार्वजनिक क्षेत्र
- सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र
- नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र ।
- भू-उपयोग ऐन २०७६ अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्नका लागि भू-उपयोग नियमावली २०७९ अनुसूची १ मा उल्लेख गरिएको भू-उपयोग क्षेत्र वर्गीकरणका आधार तथा मापदण्ड निम्नलिखित रहेका छन् ।

**<u>कृषि क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गरिनेछ ।</u>**

क) अन्नबाली, दलहन, तेलहन वा अन्य नगदे वाली लगायत खेतीपातीको लागि उपयोग भइरहेको जग्गा ।

ख) फलफूलका बगैंचा वा नर्सरी, तरकारी, सागपात, व्यावसायिक फूलको खेती, सोको नर्सरी लगायतको जग्गा ।पशुपक्षी पालन वा पशुपक्षीको आहाराको लागि प्रयोग हुने दाना, घाँस वा वनस्पति उत्पादन लगायतको लागि उपयोग भएको जग्गा ।

ग) सरकारी र सार्वजनिक वन क्षेत्र बाहेकका आबादी क्षेत्रभित्र भएका खर बारी, घाँसे मैदान, चरन क्षेत्र तथा रुख वा झाडी भएका जग्गा ।

घ) निजी जग्गामा वन पैदावार वा जडीबुटी उत्पादन गर्ने उद्देश्यले हुर्काएका वनस्पति वा जडीबुटी भएको जग्गा ।

ङ) निजी वा सरकारी जग्गामा पोखरी बनाई माछा पालन गरिएको जग्गा ।

च) कृषि उत्पादन भण्डारण तथा प्रशोधन गर्नका लागि प्रयोग भएको घर टहरा भएको जग्गा ।

छ) खनजोत गरी खेती लगाउन तयार गरिएको जग्गा वा खेती लगाउन उपयुक्त हुन सकिने आबाद लायक पर्ती वा बाँझो जग्गा ।

ज) अन्य प्रयोग क्षेत्र सँग जोडिएका भएता पनि कित्ताको क्षेत्रफल पाँच हजार वर्ग मिटर (करिब १० रोपनी) भन्दा बढी भई खेती गरिएको वा पर्ती बाँझा जग्गा ।

झ) एकै स्थानमा विभिन्न कित्ताहरू जोडिएर एक हेक्टर वा सो भन्दा बढी क्षेत्रफलमा खेती गरिएका वा खनजोत गरिएका पर्ती वा बाँझो खेतीयोग्य जग्गा ।

आवासीय क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई आवासीय क्षेत्रमा वर्गीकरण गरिनेछ ।

क) कृषि उपजको रेखदेख, भण्डारण तथा प्रशोधन, पशुपालन उद्योग कलकारखाना सञ्चालन बाहेक नागरिक आवासको रूपमा प्रयोग भएका भवन घर, टहरा भएका जग्गा ।

ख) व्यक्तिगत घर र सोसँग जोडिएका बगैंचा, ग्यारेज, आँगन, र सो प्रयोजनको लागि प्रयोग हुने व्यक्तिगत बाटो आदि रहेको जग्गा ।

ग) एक भन्दा धेरै घरपरिवार बस्ने विकसित अपार्टमेन्ट र यस प्रयोजनका लागि छुटाइएका बाटो सामूहिक पार्किङ स्थल, बगैंचा, चौर, मनोरञ्जन स्थल रहेको जग्गा ।

घ) ग्रामीण क्षेत्रमा बनेका घर, आँगन, चौक, घरसँगै रहेको गोठ, चर्पी, करेसाबारी, बगैंचा लगायतको जग्गा ।

ङ) बसोबासका लागि आवश्यक आधारभूत भौतिक पूर्वाधार, सडक, विद्युत्, खानेपानी वा ढल निकास लगायतको व्यवस्था भएका क्षेत्रमा रहेका एक हजार वर्ग मिटर भन्दा साना कित्तामा रहेका जग्गा ।

च) बसोबास क्षेत्रमा उपयोग गर्न आवश्यक न्यूनतम पूर्वाधारका विकास भएको कित्ता जग्गा रहेका ठाउँबाट एक सय मिटरको अर्ध व्यास क्षेत्रमा एक सय पचास एकात्मक परिवार आवास इकाई वा दश भन्दा बढी संयुक्त परिवार आवास इकाई भएका जग्गा ।

**<u>व्यावसायिक क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गालाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गरिने छ ।</u>**

क) सामूहिक रूपमा वस्तुका खरिद बिक्री हुने स्थल वा त्यस प्रयोजन को लागि छुटाइएका जग्गा ।

ख) विभिन्न किसिमका व्यावसायिक र मनोरञ्जन स्थल रहेको क्षेत्र तथा सो प्रयोजनका लागि उपयोग भएका घर वा सो प्रयोजनका लागि छुटाइएका जग्गा ।

ग) निजी क्षेत्रबाट सञ्चालन गरिएका शिक्षा, स्वास्थ्य, सञ्चार लगायत सेवा उपलब्ध गराउने स्थल वा सोको लागि प्रयोग भएका घर र घरले ओगटेको जग्गा ।

घ) कुनै वस्तु तथा यन्त्रको मर्मत सम्भार वा सफा गरिने स्थल वा भण्डारण गरिने स्थल वा सो प्रयोजनका लागि प्रयोग भएका घर र घरले ओगटेको जग्गा ।

ङ) कुनै व्यावसायिक क्रियाकलाप सञ्चालन नभए तापनि सोको पूर्वाधार समेत उपलब्ध भएको । सो घर वा जग्गा रहेको स्थानबाट एक सय मिटरको अर्ध व्यासमा करिब पचास व्यावसायिक कारोबार रहेका स्थल, सोको लागि प्रयोग भएका घर र तिनले ओगटेको जग्गा ।

च) सरकारी तथा निजी क्षेत्रले सेवा प्रदान गर्न स्थापना गरेको कार्यालय र त्यसले चर्चेका जग्गा वा भविष्यमा निर्माणका लागि छुटाइएका जग्गा ।

छ) पर्यटकीय गतिविधिमा उपयोग भइरहेको क्षेत्रले ओगटेको जग्गा ।

**<u>औद्योगिक क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई औद्योगिक क्षेत्रमा वर्गीकरण गरिने छ ।</u>**

क) कच्चा पदार्थ उत्पादन गर्ने उद्योग वा वर्कसप रहेको स्थल, घर टहरा, तथा उद्योग सञ्चालनमा प्रयोग भएका जग्गा ।

ख) खाद्यान्न प्रशोधन, पेय पदार्थ उत्पादन तथा प्रशोधन स्थल तथा सो प्रयोजनका लागि छुटाइएका जग्गा ।

ग) मेसिनरी औजार, यन्त्र उपकरण, सवारी साधन निर्माण स्थल तथा सोको लागि छुटाइएका जग्गा ।

घ) कपडा तथा पोसाक उत्पादन स्थल, सजावट निर्माण सामाग्री, काठजन्य उद्योग लगायत सञ्चालनमा रहेको स्थल तथा सो प्रयोगको लागि छुटाइएका जग्गा ।

ङ) सजावट सामाग्री, निर्माण सामाग्री, काठजन्य उद्योग लगायत सञ्चालनमा रहेको स्थल तथा सो प्रयोजनको लागि छुटाइएको जग्गा ।

च) कुनै उद्योग सञ्चालन तथा रेखदेख गर्न आवश्यक घर टहरा तथा वर्कसपले ओगटेको जग्गा तथा कच्चा पदार्थ भण्डारण गर्न उपयोग गरिएको जग्गा ।

छ) उद्योगबाट उत्पादित फोहोर विसर्जन गर्ने प्रयोजनका लागि प्रयोग भएको जग्गा ।

ज) नेपाल सरकारले घोषणा गरेको औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र लगायत सो क्षेत्रले ओगटेको जग्गा ।

**खानी तथा खनिज क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गालाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गरिने छ ।**

क) जमिनका सतहमा (ढुङ्गा, गिट्टी, बालुवा समेत) वा जमिन मुनि (फलाम, जस्ता, तामा लगायतका) विभिन्न किसिमका खानी भएका क्षेत्र ।

ख) जमिन मुनि विभिन्न किसिमका खनिज पदार्थ (पेट्रोलियम पदार्थ, ग्याँस, सुन, चाँदी वा अन्य बहुमूल्य धातु) फेला परेको क्षेत्र ।

ग) खानी वा खनिज पदार्थ उत्खनन भइरहेको वा भइसकेको र हाल खाली रहेका वा फेला परेको क्षेत्र ।

**वन क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई वन क्षेत्रमा वर्गीकरण गरिने छ ।**

क) पूर्ण वा आंशिक रूपमा रुख तथा वनस्पतिले ढाकिएको जग्गा ।

ख) सरकारी, सामुदायिक, कबुलियत, धार्मिक लगायत सबै प्रकारका वन जङ्गल भएको जग्गा ।

ग) रुख तथा वनस्पति वृक्षारोपण गरिएको सरकारी वा सार्वजनिक जग्गा ।

घ) रुख तथा वनस्पति नभएको भए तापनि अन्य प्रयोजनका रूपमा वर्गीकरण नभएका झाडी, बुट्यान आदि भएका जग्गा ।

ङ) प्राकृतिक चरन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र तथा संरक्षित क्षेत्र रहेको जग्गा ।

च) पानीको मुहानलाई संरक्षण गर्न हुर्काइएका वा जोगाइएका रुख तथा वनस्पतिले ढाकेका सरकारी वा सार्वजनिक जग्गा ।

छ) नदी उकासबाट प्राप्त गरी निजी जग्गा बाहेकका वन क्षेत्रका लागि तोकिएका जग्गा ।

ज) प्रचलित वन सम्बन्धी कानुन बमोजिम वन क्षेत्र भित्रको जग्गा ।

**खोला, नदी, ताल, सिमसार क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गा लाई खोला, नदी, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गरिनेछ ।**

क) नदी, खोला, तथा सोका जलप्रवाहका क्षेत्र, किनारा डिल र बगर क्षेत्र समेत ।

ख) नहर तथा सोको डिल ।

ग) प्राकृतिक ताल, पोखरी तथा सोका डिल ।

घ) साविकको नदी वा खोला बगेको र हाल नदी, खोला उकास भई बगर वा ढुङग्यान कायम भएको क्षेत्र ।

ङ) बग्ने पानी नभए पनि पानी जमेको वा जम्ने सम्भावना भएको सिमसार वा रामसार क्षेत्र ।

**<u>सार्वजनिक उपयोगका क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गालाई सार्वजनिक उपयोगका क्षेत्रमा वर्गीकरण गरिनेछ ।</u>**

क) विभिन्न किसिमका यातायात पूर्वाधार (जस्तै बन्दरगाह, बसपार्क, कार पार्क, सडक पेटी, सडक, बाटा रेल्वे, पुल, विमानस्थल समेत) सार्वजनिक रूपमा उपयोग हुने क्षेत्रले ओगटेको जग्गा ।

ख) सहरी क्षेत्रका खुला हरित क्षेत्र, बगैंचा, पार्क, चिडियाखाना, पिकनिक स्पट, खेल पूर्वाधार तथा मैदान लगायत रहेको सार्वजनिक स्थल ।

ग) सार्वजनिक आवागमन हुने प्राकृतिक वा मानव निर्मित सम्पदा वा पूर्वाधार रहेको स्थल र सोले ओगटेको जग्गा ।

घ) सार्वजनिक रूपमा उपयोग हुने मनोरञ्जन स्थल, चौर, फाँट, चौतारा, टुँडिखेल, हाटबजार लाग्ने स्थान, अन्त्येष्टि स्थल, फोहोर व्यवस्थापन स्थल लगायत सो ले चर्चेको जग्गा ।

ङ) सरकारी, सार्वजनिक र सामुदायिक विद्यालय, विश्वविद्यालय लगायत शिक्षण संस्थाले चर्चेका जग्गा ।

**<u>सांस्कृतिक तथा पुरातात्त्विक महत्वका क्षेत्र देहाय बमोजिम प्रयोग भएको जग्गा लाई सांस्कृतिक तथा पुरातात्त्विक महत्वको क्षेत्रमा वर्गीकरण गरिनेछ ।</u>**

क) विभिन्न समुदायले धार्मिक, सांस्कृतिक, वा परम्परागत रूपमा पूजा, अर्चना वा उपासना गर्ने स्थल ।

ख) विश्व सम्पदा सूचीमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक क्षेत्र ।

ग) विभिन्न ऐतिहासिक दरबार, भवन, किल्ला, गढी, स्तम्भ लगायतका ढाँचा, निर्माण वा अन्य स्थल ।

घ) नेपाल सरकारले पुरातात्त्विक महत्वको भनी परिभाषित गरेको वा संरक्षण गर्ने भनी तोकेका क्षेत्र ।

**<u>नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र देहाय बमोजिम प्रयोग भएका जग्गा लाई अन्य क्षेत्रमा वर्गीकरण गरिनेछ ।</u>**

क) खण्ड (१) देखि (९) सम्म उल्लिखित क्षेत्रभित्र नपर्ने विशिष्ट किसिमका भू-उपयोग क्षेत्र ।

ख) स्थानीय आवश्यकता अनुसार छुट्ट्याउनु पर्ने अन्य कुनै भू-उपयोग क्षेत्र ।

### १.४ भू-उपयोग  अद्यावधिकको महत्त्व

भूमिको विशेषता र हाल प्रयोग भएको अवस्थाको आधारमा भूमिको वर्गीकरण र त्यसका समयसापेक्ष अद्यावधिक गर्दा  समग्रमा भूमिको समुचित उपयोग गर्न मद्दत पुग्दछ । यस प्रकार भूमिको वर्गीकरण गरिनुको प्रमुख उद्देश्य भनेको कृषि भूमिको संरक्षण गर्दै खाद्य सुरक्षाको ग्यारेन्टी गर्नु तथा व्यवस्थित सहरीकरण गर्नु रहेको छ । यसको अलावा भू-उपयोग  अद्यावधिक गरिसके पश्चात् सङ्घीय सरकारलाई सम्बन्धित विषयमा बजेट विनियोजन गर्न सहयोग पुग्नेछ । हाल विभिन्न तहको सरकार मार्फत कृषकहरूलाई आर्थिक सहयोग हुदै आइरहेको परिप्रेक्षकमा यस भू-उपयोग  वर्गीकरण र अद्यावधि गरिसके पश्चात् सरकारबाट प्राप्त हुने सहयोग अझ बढ्ने र थप कार्यक्रमहरू आउन सक्न अनुमान गर्न सकिन्छ । अर्को तर्फ निश्चित आवासीय क्षेत्र तोकिदा आधारभूत भौतिक सुविधा जस्तै सडक, ढल, बिजुली, खानेपानी लगायतका सुविधा विकास गर्न निश्चित रूपमा सहयोग पुग्ने  देखिन्छ ।

# परिच्छेद २ः परिचय

## २.१ परिचय

नेपाल सरकारको वि.सं.२०७३ फागुन २७ गतेको निर्णायानुसार साविकका ४ वटा गाविसहरू बेलपाटा, लाँकुरी, अवलपराजुल, डाँडापराजुललाई एक आपसमा गाभेर मिलाइ ६ वटा वडामा विभाजन गरी यो डुङ्गेश्वर गाउँपालिकाको संरचना तयार पारिएको हो । कुल १०५.२० बर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो गाउँपालिका दैलेखका ११ वटा स्थानीय तहहरू मध्ये क्षेत्रफलको हिसाबले तेस्रो सानो स्थानीय तह हो । दुन, टार, चुरे र महाभारत श्रेणीमा पर्ने रमणीय वातावरणमा रहेको सुन्दर गाउँपालिकामा थोरै साधन र स्रोतको लगानीबाट गाउँपालिकाको, सामाजिक, आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा विकास हुन सक्ने सम्भावना रहेको छ । भौगोलिक हिसाबले बिकट र विकासको हिसाबले विकासोन्मुख अवस्थामा यो गाउँपालिकारहेकोछ।

२०७८ सालको जनगणना अनुसार कुल १४ हजार ५ सय ३३ जनसङ्ख्या जसमा पुरुष ६ हजार ८ सय ९० (४७.४%), महिला ७ हजार ६ सय ४३ (५२.६%), लैङ्गिक अनुपात ९०.१५, जनघनत्व १३८ जना प्रति वर्ग कि मी, परिवार सङ्ख्या ३३९९, परिवारको औसत आकारः ४.२८, साक्षरता दर ७१.१%, (जसमा महिला ७१.९% र पुरुष ८७.२%) साथै अपाङ्गता भएका व्यक्तिः ३ % (महिलाः२.४% र पुरुषः३.६%) रहेको यो गाउँपालिका भित्र विभिन्न जातजातिहरूको बसोबास रहेको छ । कुल जमिनको ५३.९७ प्रतिशत अर्थात् ५ हजार ६ सय ७७ दशमलव ५६ हेक्टर भूभाग वनजंगलले ढाकेको यस गाउँपालिका भित्र प्रशस्त मात्रामा खोलानाला रहेका छन् ।

मुख्यतया क्षेत्री र ब्राह्मण जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ठकुरी, गुरुङ्ग, मगर, कामी, दमाईको बसोबास रहेको छ भने केही सङ्ख्यामा अल्पसंख्यक जाति गाइने र वादी जातिको पनि बसोबास रहेको छ । हिन्दु, इसाई, मुस्लिम, बौद्ध धर्मावलम्वीहरु रहेका छन् । धार्मिक तथा सांस्कृतिक रूपमा ढुङ्गेल मन्दिर, भैरव मन्दिर, नारायण मन्दिर रहेका छन् । प्राकृतिक स्रोत साधनको रूपमा पराजुली खोला, कुईंया ताल, कोटाफेरा, मालिका, स्लेट खानी, वनजंगल रहेको छ ।

## २.२ भौगोलिक अवस्थिती

यस गाउँपालिकाको क्षेत्रफल १०५.२० वर्ग किलोमिटर रहेका छ । यस गाउँपालिकाको सिमाना निम्नलिखित गाउँपालिका तथा नगरपालिका सँग जोडिएको छः

- पूर्वमा भगवतीमाई गाउँपालिका

- पश्चिममा दुल्लु नगरपालिका र गुराँस गाउँपालिका
- उत्तरमा नारायण नगरपालिका
- दक्षिणमा गुराँस गाउँपालिका

### २.२.१ अवस्थिति

- अक्षांसः २८ डिग्री ४१ मिनेट ५२ सेकेन्ड देखि २८ डिग्री ४८ मिनेट ३८ सेकेन्ड उत्तरी अक्षांस सम्म फैलिएको छ ।
- देशान्तरः ८१ डिग्री ३८ मिनेट ४८ सेकेन्ड देखि ८१ डिग्री ४७ मिनेट ३८ सेकेन्ड देशान्तर सम्म फैलिएको छ ।


### २. ३ जातजाती

डुङ्गेश्वर गाउँपालिकामा १० भन्दा बढी प्रकारका जातजातिका मानिसहरूको बसोबास रहेको छ । तथ्याङ्क अनुसार यहाँ बसोबास गर्ने प्रमुख जातिहरूमा क्षेत्री, मगर, विश्वकर्मा, ब्राह्मण-पहाड, ठकुरी, परियार, गुरुङ, मिजार, गाइन र अन्य छन् । तलको तालिकामा जातजाति सम्बन्धी विवरणलाई प्रतिशतमा देखाइएको छ ।

*तालिका नं. १ : जातजातिका आधारमा जनसङ्ख्या विवरण (प्रतिशत)*

| जात/जाति | प्रतिशत |
|---|---|
| क्षेत्री | ४२.०% |
| मगर | १६.६% |
| विश्वकर्मा | १५.०% |
| ब्राह्मण-पहाड | ६.९% |
| ठकुरी | ६.६% |
| परियार | ५.३% |
| गुरुङ | २.९% |
| मिजार | २.३% |
| गाइन | ०.५% |
| अन्य | ०.४% |
| **जम्मा** | **१००.०%** |

*श्रोत : राष्ट्रिय जनगणना, २०७८*




*चित्र २. जात/जाति सम्बन्धी विवरण*

## २.४ वन र जैविक विविधता

डुङ्गेश्वर गाउँपालिकामा ५९.५२ वर्ग कि.मि (५६.५५ प्रतिशत) वन क्षेत्रले ओगटेको छ । यस गाउँपालिकामा सरकारी, निजी, आरक्षित र धार्मिक वन छैन । यस गाउँपालिकाको ६ वटा नै वडामा सामुदायिक वन रहेको छ ।

प्रत्येक वडामा चरनका लागि घाँसे मैदान रहेको छ । वन उपभोक्ता समूह भित्रका घरपरिवारले घुमाउरो आधारमा सामुदायिक वन अनुगमन गर्ने व्यवस्थापन गर्ने चलन रहेको छ । लीजहोल्ड वन, लीजहोल्ड वन समूहबाट व्यवस्थित गरिन्छ । यस गाउँपालिकामा वनको घनत्व बढेको छ र सो वनको स्रोतबाट स्थानीयको जीविकोपार्जन लाभान्वित भएका छन् ।

## २.५ वातावरण

डुङ्गेश्वर गाउँपालिकाको भिन्न हावापानी र भिन्न भौगोलिक बनावट ६६९-२५२५ मिटर उचाइ रहेको छ । यस गाउँपालिकाको अधिकांश जग्गा भिरालो छ। बाढी, पहिरो र आगलागी विगतमा गाउँपालिकालाई असर गर्ने प्रमुख विपद् हुन् । यस क्षेत्रमा भूमि सर्ने प्रमुख कारकहरू कमजोर भूवैज्ञानिक अवस्था, लामो र उच्च तीव्रता वर्षा, र विभिन्न एन्थ्रोपोजेनिक कारकहरू हुन् ।

साथै, वन विनाश कारणले गर्दा स्थिति खराब छ जसले सतहको आवरण हटाउँछ जसले माटोको क्षरण बढाउँछ । उपस्थिति असंख्य गल्लीहरू र परिणाम स्वरूप क्षरणले ब्याडल्याण्ड टोपोग्राफीको गठनलाई जन्म दिन्छ । यो मुख्यतया डुङ्गेश्वर गाउँपालिकाको दक्षिणमुखी पहाडी भेगमा हुने गरेको छ । सतहको

क्षय, पहिरो र नदी किनारको माथिल्लो भागमा कटानबाट निस्कने फोहोर नदीहरू तल तिर ढुवानी गरिन्छ र मुख्य रूपमा पुन जम्मा गरिन्छ ।

अग्लो पहाडी भेगमा जोडिएका ढुङ्गाका कारण पहिरो खस्न थालेको छ, पानीको बहाव बढेको छ। बाक्लो तलछटमा दबाब ढलानमा जम्मा हुन्छ। भित्र डुङ्गेश्वर गाउँपालिका, यी सबै घटनाहरू सक्रिय छन्, माथि उल्लेखित कारकहरू मध्ये कुनै एक स्थानमा प्रबल रूपमा सक्रिय छन् । डुङ्गेश्वर गाउँपालिका अधिकांश ग्रामीण सडक पानी निकास लाई अनुमति दिन उचित पर्खाल र ढलान ढाँचा बिना निर्माण गरिएको छ । यी अनुचित सडक निर्माणले धेरै पहिरो निम्त्याएको छ र योगदान पुर्‍याएको छ। पहाडी क्षेत्रमा नदी कटान सबैभन्दा गम्भीर समस्या बनेको छ ।

गाउँपालिकामा बेलाबेलामा जङ्गली जनावरको आक्रमण पनि हुने गरेको छ। डुङ्गेश्वर गाउँपालिकासँग पर्याप्त स्वास्थ्य सेवा छैन। जनसङ्ख्याको स्थिति सङ्ख्यासँग पारस्परिक स्वास्थ्य सेवा सुविधाहरूको सीमित सङ्ख्या छ। प्राकृतिक खतराहरूको लागि कम लचिलोपन, प्राकृतिक उच्च प्रकोपले डुङ्गेश्वर गाउँपालिकालाई जोखिममा राखेको छ ।


## २. ६ जनसङ्ख्या वितरण र घनत्व

राष्ट्रिय जनगणना (CBS, बि.स २०७८) अनुसार डुङ्गेश्वर गाउँपालिकाको कुल जनसङ्ख्या १४५३३ रहेको छ भने घरधुरी ३३९९ रहेको छ । महिलाको सङ्ख्या पुरुष जनसङ्ख्या भन्दा बढी छ । महिलाको कुल जनसङ्ख्या ७६४३ र पुरुषहरू जनसङ्ख्या ६८९० रहेको छ । यस गाउँपालिकाको सबै वडा मध्ये वडा नं. २ को सबै भन्दा बढी जनसङ्ख्या २९६९ (पुरुष १३५२ र महिला १६१७) रहेको छ । त्यसै सबै भन्दा कम जनसङ्ख्या वडा नं. ५ को २०१६ ( पुरुष ९५४ र महिला १०६२) रहेको छ ।

*तालिका नं. २ : डुङ्गेश्वर गाउँपालिकाको घरधुरी, जनसङ्ख्या, औषत परिवार सङ्ख्या तथा जनघनत्व वितरण*

| वडा | घरधुरी | जनसङ्ख्या | पुरुष | महिला | औषत परिवार संख्या | लिङ्ग अनुपात | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६९६ | २७७९ | १३१४ | १४६५ | ३.९९ | ८९.६९ | १०.०८ | २७५.६९४४ |
| २ | ७६१ | २९६९ | १३५२ | १६१७ | ३.९० | ८३.६१ | २४.४७ | १२१.३३२२ |
| ३ | ३६९ | १८०७ | ९२२ | ८८५ | ४.९० | १०४.१८ | २८.१२ | ६४.२६०३१ |
| ४ | ४८९ | २२१६ | १०३६ | ११८० | ४.५३ | ८७.८० | ८.७३ | २५३.८३७३ |
| ५ | ४८५ | २०१६ | ९५४ | १०६२ | ४.१६ | ८९.८३ | १५.२४ | १३२.२८३५ |
| ६ | ५९९ | २७४६ | १३१२ | १४३४ | ४.५८ | ९१.४९ | १८.५३ | १४८.१९२१ |
| **जम्मा** | **३३९९** | **१४५३३** | **६८९०** | **७६४३** | **२६.०६** | **५४६.६०** | **१०५** | **९९५.६** |

*श्रोत : राष्ट्रिय जनगणना, २०७८*




*चित्र ३. जनसङ्ख्या विवरण*

*तालिका नं. ३ : उमेर अनुसार जनसङ्ख्या विवरण*

| मेर समूह | जम्मा जनसङ्ख्या | पुरुष | महिला |
|---|---|---|---|
| ००-०४ वर्ष | १२८४ | ६५७ | ६२७ |
| ०५-०९ वर्ष | १३६४ | ६९१ | ६७३ |
| १०-१४ वर्ष | १६९७ | ८२५ | ८७२ |
| १५-१९ वर्ष | १६७३ | ८२१ | ८५२ |
| २०-२४ वर्ष | १४१९ | ६२६ | ७९३ |
| २५-२९ वर्ष | ११०९ | ४९२ | ६१७ |
| ३०-३४ वर्ष | ९४४ | ४२२ | ५२२ |
| ३५-३९ वर्ष | ८१२ | ३५४ | ४५८ |
| ४०-४४ वर्ष | ७४३ | ३२५ | ४१८ |
| ४५-४९ वर्ष | ७१४ | ३११ | ४०३ |
| ५०-५४ वर्ष | ७७१ | ३७३ | ३९८ |
| ५५-५९ वर्ष | ५४७ | २७० | २७७ |
| ६०-६४ वर्ष | ४८२ | २४७ | २३५ |
| ६५-६९ वर्ष | ३५५ | १९८ | १५७ |
| ७०-७४ वर्ष | ३०८ | १२२ | १८६ |
| ७५-७९ वर्ष | १९६ | ९६ | १०० |
| ८०-८४ वर्ष | ६८ | ३४ | ३४ |

| मेर समूह | जम्मा जनसङ्ख्या | पुरुष | महिला |
|---|---|---|---|
| ८५-८९ वर्ष | ३७ | २० | १७ |
| ९०-९४ वर्ष | ६ | ३ | ३ |
| ९५+ वर्ष | ४ | ३ | १ |
| **जम्मा** | **१४५३३** | **६८९०** | **७६४३** |

*श्रोत : राष्ट्रिय जनगणना, २०७८*


## २.७ साक्षरता स्थिति

शिक्षा सामाजिक हैसियतको एक महत्त्वपूर्ण सूचक मात्र होइन सामाजिक विकास आधार पनि हो । तसर्थ, कुनै पनि क्षेत्रको साक्षरता स्थितिको मूल्याङ्कनले सामाजिक क्षेत्रको ठोस प्रतिबिम्ब उपलब्ध गराउँछ । यहाँ, सरल अंक गणितीय गणना प्रदर्शन गर्न र साक्षरतालाई बुझेर पढ्ने र लेख्ने क्षमताको रूपमा परिभाषित गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको साक्षरता दर ७१.१% रहेको छ जसमा पुरुषको साक्षरता दर ८७.२% रहेको छ भने महिलाको ७१.९% रहेको छ । डुङ्गेश्वर गाँउपालिकाको साक्षरता सम्बन्धी विवरण हेर्दा यहाँको कुल जनसङ्ख्या मध्ये ६८.२% (पढ्न र लेख्न जानेको), ४.0% (पढ्न मात्र जानेको) र भने पढ्न लेख्न दुवै नजान्ने (२७.६%) रहेका छन् ।

*तालिका नं. ४ : साक्षरता विवरण सम्बन्धी विवरण*

| साक्षरता | प्रतिशत |
|---|---|
| पढ्न र लेख्न जानेको | ६८.२% |
| पढ्न मात्र जानेको | ४.0% |
| पढ्न लेख्न दुवै नजानेको | २७.६% |
| **जम्मा** | **१००%** |

*श्रोत : राष्ट्रिय जनगणना, २०७८*




*चित्र ४. साक्षरता सम्बन्धी विवरण*

# परिच्छेद ३: वर्तमान भूउपयोग अवस्था


भू-उपयोग ऐन, २०७६ अनुसार, यस डुङ्गेश्वर गाउँपालिकामा भू-उपयोगको वर्तमान अवस्था हेर्दा समग्र गाउँपालिकालाई ७ वटा भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिएको छ । विस्तृत रूपमा वर्तमान भू-उपयोग को अवस्थालाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ५ : वर्तमान भूउपयोगको प्रकार, त्यसले ओगटेको क्षेत्रफल (वर्ग कि.मि) र प्रतिशत*

| **क्र सं.** | **भू-उपयोग** | **क्षेत्रफ़ल (वर्ग कि.मि)** | **प्रतिशत** |
|---|---|---|---|
| १ | कृषि | ४३.४ | ४१.२३ |
| २ | व्यापारिक | ०.०५ | ०.०५ |
| ३ | जङ्गल | ५९.५२ | ५६.५५ |
| ४ | नदी र ताल क्षेत्र | ०.०२ | ०.०२ |
| ५ | सार्वजनिक सेवा | ०.५६ | ०.५३ |
| ६ | आवासीय | ०.३९ | ०.३७ |
| ७ | अन्य | १.३१ | १.२५ |
| **कूल जम्मा** | | **१०५.२६** | **१००** |

*स्रोत : नापी विभाग २०७८*

डुङ्गेश्वर गाउँपालिकाले कुल लगभग १०५.२६ वर्ग किलोमिटर ओगटेको छ। यस गाउँपालिकामा भू-उपयोग क्षेत्रहरु मध्ये वन प्रमुख भू-उपयोग क्षेत्र रहेको छ जसको क्षेत्रफल ५९.५२ वर्ग कि.मि रहेको छ जुन कुल क्षेत्रफलको ५६.५५% रहेको छ । त्यसैगरी, कृषि क्षेत्र ४३.४ वर्ग कि.मि रहेको छ जुन गाउँपालिकाको कुल क्षेत्रफलको ४१.२३ % रहेको छ । त्यसै गरी नदी र ताल क्षेत्रले १.२५%, सार्वजनिक सेवा क्षेत्र ले ०.५३%, आवासीय क्षेत्र ०.३७%, व्यापारिक क्षेत्रले ०.०५% समेटिएको छ । अन्य भूमि प्रयोगमा ०.०२% रहेको छ ।




*चित्र ५. नापी विभागबाट प्राप्त भूउपयोग क्षेत्रको विवरण*

## ३.१ आर्थिक स्थिति

आर्थिक अवस्था सामाजिक विकास र स्थानीयको क्षेत्रीय र राष्ट्रिय अर्थ व्यवस्था मेरुदण्डको महत्वपूर्ण सूचक हो । कुनै पनि क्षेत्र वा समूहको आर्थिक स्थिति राम्रोसँग मूल्याङ्कन पेशा, आयस्रोत, रोजगारी, सम्पत्तिको स्वामित्वमा नजिकबाट अवलोकन गर्दै गर्न सकिन्छ ।

### ३.१.१ कृषि अवस्था

धान, मकै, गहुँ, कोदो, जौ यहाँका मुख्य अन्न वाली हुन भने दलहन अन्तर्गत मास, भटमास, तेलहन अन्तर्गत तोरी तथा नगदेवाली अन्तर्गत अदुवा, आलु, बदाम, बेसार, प्याज, लसुन, कपास, सुर्ती आदिको खेती गरिन्छ । गाउँपालिकामा पछिल्ला दिनहरूमा किसानहरूमा तरकारी खेती तर्फ आकर्षण बढ्दै गएको देखिन्छ । यहाँ काउली, टमाटर, सिमी, गोभी, बन्दा आदि तरकारीको खेती गरिन्छ । कृषिजन्य उत्पादनका लागि अधिकांश कृषकले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेका छन् भने केही वडामा रासायनिक मलको प्रयोग भएको देखिन्छ । अर्को तर्फ विउ बिजनको प्रबन्ध नगर क्षेत्रका कृषकहरूका लागि चुनौतीपूर्ण हुने गरेको छ । यातायातको सुविधा सँगै यहाँका कृषकहरूले मकै, भटमास, अदुवा, तरकारी स्थानीय बजारका अलावा सुर्खेत, दैलेख, जुम्ला, अरू नगरपालिका वा गाउँपालिकाहरूमा पनि बजारमा निर्यात गर्न थालेका

छन् । कृषि क्षेत्रको सम्भाव्यताका सन्दर्भमा डुङ्गेश्वर गाउँपालिकामा तरकारी, आलु, मकै, भटमास, अदुवा, टिमुर, किवी, कागती, केरा, मेवा, सुन्तला, प्याज लगायतका तरकारी, अन्न तथा नगदेवालीको उत्पादन हुन सक्ने देखिन्छ । व्यावसायिक हिसाबले डुङ्गेश्वर गाउँपालिकाको अवस्था समग्र नेपालको भन्दा फरक छैन । पछिल्लो समय नेपाल कृषिजन्य वस्तुमा आयातमुखी हुँदै गएको छ । डुङ्गेश्वर गाउँपालिकामा पनि चामल, दाल,चिनी, तले नुन आलु, खुर्सानी जस्ता कृषिजन्य वस्तुका अलावा अधिकांश फलफूलजन्य वस्तुको पनि आयात भएको देखिन्छ तर गाउँपालिकाबाट अन्यत्र निर्यात हुने कृषिजन्य उत्पादनको हिस्सा नगन्य छ । भारत लगायत अन्य तराईबाट हुने आयातले गाउँपालिकाको लगभग ६० प्रतिशत माग धानेको छ । आँप, केरा, सुन्तला, अङ्गुर, स्याउ, अनार आदि भारतबाट आयात हुने मुख्य फलफूल हुन । कृषिजन्य उत्पादन जस्तै पशुपालन पनि गाउँपालिकाको प्रमुख आय आर्जनको स्रोत हुन । उन्नत जातका भैंसी, गाई, बाख्रा, कुखुरा, मौरी र बङ्गुर पालन गरेको देखिन्छ ।

### ३.१.२ फसल जानकारी

धान, गहुँ, मकै, कोदो, जौ गाउँपालिकामा उत्पादन हुने मुख्य अन्नबाली हुन् । अन्य दालहरू जस्तै कालो चना, मास पनि उत्पादन गरिन्छ । तोरी र आलु बालीलाई उच्च मूल्यको बाली मानिन्छ र यसमा गाउँपालिकाका किसानको आम्दानी महत्वपूर्ण योगदान छ । आलु र मौसमी र बेमौसमी तरकारीको प्रजातिहरु उत्पादन गरिन्छ । त्यसैगरी सुन्तला, अखरोट र आरुका प्रमुख फलहरू पनि यसमा उत्पादन गरिन्छ ।

### ३.१.३ वन क्षेत्र कभरेज

डुङ्गेश्वर गाउँपालिका अन्तर्गत कुल १०५.२६ (वर्ग कि.मि) क्षेत्रफल मध्य ५९.५२ (वर्ग कि.मि) क्षेत्रफल वन रहेको सर्वेक्षणले देखाउँछ । गाउँपालिकाको जङ्गलमा विभिन्न प्रजातिका जनावर, चराचुरुङ्गी र जडीबुटीहरू पनि पाइन्छ । बाघ, बनेल, कालिज, रतुवा, चाखुरो, खरायो रतुवा, चाखुरा, बनेल कालिज, मयुर, स्याल, बाँदर, मृग यहाँका मुख्य जीवजन्तु हुन भने सजेना, टडकुलले, खतमु, सस्ज मूल, बनखडी मुख्य जडीबुटी हुन् ।

### ३.१.४ आवासीय क्षेत्र

डुङ्गेश्वर गाउँपालिकामा रहेको आवासीय क्षेत्रलाई घरहरूको एकाग्रता र फैलावटमा आधारित क्षेत्रफल (वर्ग कि.मि) वर्गीकरण, र प्रतिशतमा वर्गीकृत । डुङ्गेश्वर गाउँपालिकाको आवासीय क्षेत्रको ०.३९ वर्ग कि.मि क्षेत्रफ़ल (०.३७ %) आवासीय क्षेत्रको ओगटेको छ ।

*तालिका नं. ६ : आवासीय क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| आवासीय क्षेत्र | ०.३९ | ०.३७ |

### ३.१.५ व्यापारिक

डुङ्गेश्वर गाउँपालिकामा रहेको वाणिज्य क्षेत्रलाई (वर्ग कि.मि), वर्गीकरण, र प्रतिशतमा वर्गीकृत गरी डुङ्गेश्वर गाउँपालिकाको वाणिज्य क्षेत्रको ०.०५ वर्ग कि.मि क्षेत्रफ़ल (०.०५%) वाणिज्य क्षेत्रले ओगटेको छ ।

*तालिका नं. ७ : वाणिज्य क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| वाणिज्य क्षेत्र | ०.०५ | ०.०५ |

### ३. १. ६ सार्वजनिक सेवा क्षेत्र

डुङ्गेश्वर गाउँपालिकामा सार्वजनिक सेवा रूपमा वर्गीकृत संस्थाहरू यातायात पूर्वाधार, स्वास्थ्य सेवा, सुरक्षा सेवा, र शैक्षिक संस्थाहरू क्षेत्र हो । जहाँ सार्वजनिक सेवाको क्षेत्रफ़ल ०.५६ क्षेत्रफ़ल वर्ग कि.मि र (०.५३%) क्षेत्रफ़ल ओगटेको छ ।

*तालिका नं. ८ : सार्वजनिक प्रयोग क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| सार्वजनिक प्रयोग क्षेत्र | ०.५६ | ०.५३ |

### ३. १.७ नदी र ताल क्षेत्र

डुङ्गेश्वर गाउँपालिकामा नदी, ताल र मार्स क्षेत्र वर्गीकरणमा गरिएको छ गाउँपालिकामा नदी, ताल र मार्स क्षेत्रको नदीहरूले ०.०२ क्षेत्रफ़ल (वर्ग कि.मि) र (०.०२ %) क्षेत्र ओगटेको छ ।

*तालिका नं. ९ : नदी र ताल र मार्स क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| नदी र ताल र मार्स क्षेत्र | ०.०२ | ०.०२ |

### ३.१.८ अन्य

डुङ्गेश्वर गाउँपालिकामा अन्य क्षेत्रमा १.३१ क्षेत्रफ़ल वर्ग कि.मि र (१.२५%) क्षेत्र ओगटेको छ ।

*तालिका नं. १० : औद्योगिक क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| अन्य क्षेत्र | १.३१ | १.२५ |

### ३.१.९ कृषि क्षेत्र

डुङ्गेश्वर गाउँपालिकाको सम्बन्धमा, कृषि तथा पशुपक्षी, गैरसरकारी सेवा र पेन्सन, वैदेशिक रोजगार, वाणिज्य/उद्योग र श्रम प्रमुख पेसाहरू मानिन्छ । जनसङ्ख्याको ठुलो बहुमतले कृषिले बनाएको छ । गाउँपालिकामा कृषि क्षेत्रले ४३.४ क्षेत्रफल (वर्ग कि.मि),(४१.२३%) भूभाग कृषि क्षेत्रले ओगटेको छ ।

*तालिका नं. ११ : कृषि क्षेत्र सम्बन्धी विवरण*

| भूमि प्रयोग क्षेत्र | क्षेत्रफ़ल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | ४३.४ | ४१.२३ |

## ३.२ पूर्वाधार र सेवाहरू

यस अध्यायमा डुङ्गेश्वर गाउँपालिकामा उपलब्ध पूर्वाधार र सेवाहरू समावेश छन् । मुख्य गाउँपालिका भित्र स्वास्थ्य सुविधा, शैक्षिक र वित्तीय जानकारी पूर्वाधार र सेवाहरू यातायात र सञ्चार, ऊर्जा छन् ।

### ३.२.१ सडक

डुङ्गेश्वर गाउँपालिकामा अधिकांश सडक सञ्जाल कच्ची छ । गाउँपालिकामा अधिकांश ठाउँमा आवतजावत गर्नका लागी सडकहरू निर्माण भई सकेका छन् । कालोपत्रे ग्राभेल र कच्ची सडक रहेको छ ।

### ३.२.२ स्वास्थ्य

हाल नेपाल सरकारले स्थानीय तहमा यथाशक्य गाउँपालिकाका प्रत्येक वडा भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरे पछि देशका विभिन्न भागमा स्वास्थ्य चौकी तथा अस्पतालहरू बन्न लागेका छन् । डुङ्गेश्वर गाउँपालिकामा पनि स्वास्थ्य चौकीहरू स्थापना हुने क्रममा छन् । यस गाउँपालिका भित्र बस्ने अधिकांश घरपरिवारहरू बिरामी हुँदा स्वास्थ्य चौकीको सेवामा निर्भर रहेका छन् भने केही मात्रामा अर्को नगरपालिका, जिल्ला वा भारतको अस्पतालमा जाने गरेको पनि देखिन्छ ।

डुङ्गेश्वर गाउँपालिकामा स्वास्थ्य चौकी, बर्थिंग सेन्टरर, महिला स्वास्थ्य स्वयं सेवक सङ्ख्या, परिवार नियोजन सेवा, दक्ष प्रसूतिकर्मी सङ्ख्या र करारका कर्मचारी सङ्ख्या वडागत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १२ : वडा अनुसार स्वास्थ्य संस्थाको जानकारी*

| स्वास्थ्य संस्थाको नाम | वडा नं. | बर्थिंग सेन्टर BEONC/CEONC | महिला स्वास्थ्य स्वयं सेवक संख्या | दक्ष प्रसुतिकर्मी संख्या | परिवार नियोजन सेवा | स्वीकृत दरबन्दी | दरबन्दी अनुसार पदपूर्ति | करारका कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|
| अवलपराजुल स्वास्थ्य चौकी | ३ | प्रसुति केन्द्र | ८ | १ | ४ साधनहरू | ५ | ५ | २ |
| बेलपाटा स्वास्थ्य चौकी | १ | प्रसुति केन्द्र | १० | २ | ३ साधनहरू | ५ | ५ | २ |
| लाकुरी स्वास्थ्य चौकी | २ | प्रसुति केन्द्र | १४ | ३ | ४ साधनहरू | ५ | ५ | २ |
| डाँडापराजूल स्वास्थ्य चौकी | ५ | प्रसुति केन्द्र | ९ | २ | ३ साधनहरू | ५ | ५ | २ |
| बाउन्नेचौर सामुदायिक स्वास्थ्य इकाई | ४ | प्रसुति केन्द्र | ८ | ३ | ३ साधनहरू | ० | ३ | ३ |
| डुङ्गेश्वर सामुदायिक स्वास्थ्य इकाई | ६ | प्रसुति केन्द्र | ८ | ० | ३ साधनहरू | ० | ३ | ३ |
| **कुल कर्मचारी संख्या** | | | **५७** | **११** | | **२०** | **२६** | **१४** |

## ३.२.३ पिउने पानी

निजी धारा, सार्वजनिक पाइपको पानी, खोला / नहर, कुवा र ढुङ्गे धारा यस क्षेत्रमा पिउने पानीका प्रमुख स्रोत हुन् । बहुसंख्यक (१९४५ घरधुरी) ले पिउनका लागि निजी धारा पाइपको पानी प्रयोग गर्छन् । सार्वजनिक धारा ७५२, ताल / कुवा ९२०, ढुङ्गे धारा ५९७ घरधुरी र खोला सबैभन्दा कम खोलाको पानी प्रयोग गर्ने १९ रहेका छन् ।

*तालिका नं. १३ : पिउने पानीको मुख्य स्रोतको विवरण*

| वडा | घरधुरी सङ्ख्या | पिउने पानीको मुख्य स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | निजी धारा | सार्वजनिक धारा | कुवा | ढुङ्गे धारा | खोला | अन्य |
| १ | ६९६ | ६०२ | ५३ | १९ | २१ | ० | १ |
| २ | ७६१ | ४६२ | २५८ | २४ | १४ | ३ | ० |
| ३ | ३६९ | २९७ | ३१ | १० | २४ | ६ | १ |
| ४ | ४८९ | ६३ | १५८ | १ | २६७ | ० | ० |
| ५ | ४८५ | १७० | १२७ | १२ | १७५ | ० | १ |
| ६ | ५९९ | ३५१ | १२५ | २६ | ९६ | १ | ० |
| **जम्मा** | **३३९९** | **१९४५** | **७५२** | **९२०** | **५९७** | **१०** | **३** |

*श्रोत : राष्ट्रिय जनगणना, २०७८*

## ३.२.४ बिजुली र उर्जा

डुङ्गेश्वर गाँउपालिकामा रहेका ३३९९ घरधुरीहरू मध्ये अधिकतम सङ्ख्या २८८६ घरधुरीले बिजुलीको प्रयोग गरेको देखिन्छ भने केही घरधुरीले सौर्य ऊर्जा, मट्टीतेल र अन्य आदि प्रयोग गर्ने गरेको देखिन्छ ।

*तालिका नं. १४ : बत्ती बाल्ने इन्धनको प्रयोगका आधारमा घरधुरी विवरण*

| वडा | घरधुरी सङ्ख्या | प्रकाशको सामान्य स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | बिजुली | सौर्य | मट्टितेल | बायो ग्यास | अन्य |
| १ | ६९६ | ६८१ | ११ | ० | ० | ४ |
| २ | ७६१ | ६९२ | ५२ | ८ | ० | ९ |
| ३ | ३६९ | १९० | १६१ | १ | ० | १७ |
| ४ | ४८९ | ४०० | ८४ | ० | ० | ५ |
| ५ | ४८५ | ४१२ | ६३ | १ | ० | ९ |
| ६ | ५९९ | ५११ | ७५ | २ | ० | ११ |
| **जम्मा** | **३३९९** | **२८८६** | **४४६** | **१२** | **०** | **५५** |

*श्रोत : राष्ट्रिय जनगणना, २०७८*

### ३.२.५ सञ्चार

गाँउपालिकामाले प्रदान गर्ने सेवाहरू नेपाल टेलिकम, एनसेल र स्मार्ट अर्थात् सञ्चार सञ्जालसँग जोडिएको छ । त्यस्तै डिश होमले टेलिभिजन च्यानलहरू उपलब्ध गराएको छ। मानिसहरूले वाइफाइ र मोबाइल डेटा सेवाहरू मार्फत इन्टरनेट सेवा पनि प्रयोग गर्छन् ।

## ३.३ सम्पदा, संस्कृति र पर्यटन

### ३.३.१ सम्पदा

डुङ्गेश्वर गाउँपालिका धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्रोतमा महत्वपूर्ण गाउँपालिका हो । यी ठाउँहरूको विकास र व्यवस्थापन गर्न सके डुङ्गेश्वर गाउँपालिका सांस्कृतिक पर्यटकीय स्थलहरूको संरक्षण हुनुका साथै स्थानीयहरूको आयआर्जनमा पनि वृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

*तालिका नं. १५ः सांस्कृतिक, पर्यटकीय सम्पदाहरू*

| क्र सं. | धार्मिक तथा सांस्कृतिक | प्राकृतिक स्रोत साधन |
|---|---|---|
| १ | डुंगेल मन्दिर | पराजुलीखोला |
| २ | भैरव मन्दिर | कुईंया ताल |
| ३ | नारायण मन्दिर | कोटाफेरा |
| ४ | | मालिका |
| ५ | | स्लेट खानी |
| ६ | | बनजंगल |

*स्रोत: फिल्ड भिजिट रिपोर्ट, २०७६*

### ३.३.२ संस्कृति

डुङ्गेश्वर गाउँपालिकामा सांस्कृतिक र जातीय विविधता छ । केही चाडपर्वहरू दशैं, तिहार, कृष्णाष्टमी, साउन संक्रान्ति, माघे सङ्ग्रन्ति, चैते दशैं, होली । कोट, सर्ट-प्यान्ट र पुरुषका लागि टोपी र गुन्यु-चोलो, सारी, कुर्तसुरुवाल महिलाहरूको सामान्य पोशाक हो । त्यसैगरी, मेला/जात्रा र प्रदर्शनी डुंगेल मन्दिर, भैरव मन्दिर, नारायण मन्दिर, कृष्णजात्रा निश्चित मिति/तिथी वा धार्मिक अवसरमा सञ्चालन गरिन्छ ।

### ३.३.३ पर्यटन

आन्तरिक पर्यटनको हिसाबले ठुलो सम्भावना रहेको गाउँपालिकाको व्यापक प्रचार र विज्ञापन अभाव छ । पर्यटकको सङ्ख्या क्रमशः बढ्दै गएको छ यद्यपि यस क्षेत्रमा होमस्टे सेवा र थप व्यावसायिक

पर्यटन प्रवर्धनको अभाव छ । सरकारले यस क्षेत्रको पर्यटन उद्योगको प्रवर्धनका लागि स्तरीय क्षमता विकास कार्यक्रम थप बजेट विनियोजन गर्नुपर्ने स्थानीयको भनाइ छ ।

# परिच्छेद ४ : कार्यविधि

## ४.१ सन्दर्भ सामाग्रीको अध्ययन

प्रतिवेदनको रूपमा रहेको प्राथमिक र द्धितिय स्रोतहरु जस्तै डुङ्गेश्वर गाउँपालिकाको प्रोफाइल, दैलेख जिल्लाको प्रोफाइल, केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित डाटा, स्थलाकृतिक नक्सा, डुङ्गेश्वर गाउँपालिकाबाट प्राप्त भएको भू-उपयोग नक्साको सङ्कलन र समीक्षा गरी यो प्रतिवेदन तयार गरिएको छ । त्यस्तै भू-उपयोग सम्बन्धी ऐन, नियमहरू आदि सम्बन्धित प्रकाशित र अप्रकाशित प्रतिवेदनहरूको सङ्कलन गरी समीक्षा गरियो ।

## ४.२ प्रारम्भिक कार्यशाला

यस डुङ्गेश्वर गाउँपालिकाको भू-उपयोग योजना, २०८० बनाउने क्रममा परामर्शदाताद्वारा १ दिने प्रारम्भिक कार्यशाला आयोजना गरिएको थियो । यस प्रारम्भिक कार्यशालामा परामर्शदाताद्वारा भू-उपयोग ऐनको दफा १८ बमोजिमको भू-उपयोग परिषद र दफा २० बमोजिमको भू-उपयोग कार्यान्वयन समिति गठन गर्न सहजीकरण गरिएको थियो । यस कार्यक्रममा भू-उपयोग योजनाको महत्त्व, आवश्यकता, उद्देश्यहरू छलफल गरिएको थियो । साथै यसै कार्यक्रममा यस डुङ्गेश्वर गाउँपालिकाको भू-उपयोग मापदण्ड, २०८० तयार गरी भू-उपयोग परिषदबाट स्वीकृत गरिएको थियो ।

## ४.३ वडागत कार्यशाला तथा तथ्याङ्क सङ्कलन

प्रारम्भिक कार्यशाला पछि परामर्शदाताले प्रत्येक वडामा वडागत कार्यशालाको आयोजना गरिएको थियो । साथै यस कार्यक्रम पछि प्रत्येक वडामा सडक, पूर्वाधार तथा अन्य क्षेत्रहरूको जी.पी.एस. को प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो ।





तस्बिरः वडागत छलफल

## ४.४ सङ्कलित तथ्याङ्कको विश्लेषण तथा भू-उपयोग वर्गीकरण

